आज मिति २०८१ साल असोज १५ गते मंगलबारका दिन बिहान ९:०० वजे त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री खिम बहादुर रावत ज्यूको अध्यक्षतामा तथा तपसिलको उपस्थितिमा बसी देहाय वमोजिमका निर्णय गरियो ।

## उपस्थिति

| क.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम बहादुर रावत | अध्यक्ष | |
| २ | श्री सिता खडका पुन | उपाध्यक्ष | |
| ३ | श्री दल बहादुर बस्नेत | वडा अध्यक्ष - वडा नं.१ | |
| ४ | श्री हस्त बहादुर रामजा | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | श्री कणदिव डाँगी | वडा अध्यक्ष - वडा नं.३ | |
| ६ | श्री छविराज शर्मा | वडा अध्यक्ष - वडा नं.४ | |
| ७ | श्री बिमल रावत | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | श्री मनोज शाह | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | श्री अमृता वि.क. | कार्यपालिका सदस्य | अमृता |
| १० | श्री पार्वती वि.क. दर्लामे | कार्यपालिका सदस्य | |
| ११ | श्री रत्न कुमारी वोहरा | कार्यपालिका सदस्य | रत्न |
| १२ | श्री तुलसी रावत | कार्यपालिका सदस्य | |
| १३ | श्री तुलाराम सुनार | कार्यपालिका सदस्य | तुलाराम |
| १४ | श्री हिरालाल परियार | कार्यपालिका सदस्य | हिरालाल |
| १५ | श्री खुम बहादुर के सी | सचिव | |

आमन्त्रित

श्री तिलक रावल

श्री अमर सिं बबाल

श्री सन्तोष सापकोटा

अधिकृत छैठौं

योजना शाखा प्रमुख

लेखापाल

CamScanner

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुहाम, सल्यान
कर्णाली प्रदेश, नेपाल
२०७३

**निर्णयहरु**

निर्णय नं. १ - प्रस्ताव नं. १ माथि छलफल गर्दा, पुर्वाधार विकास कार्यालय सल्यानको मिति २०८१ असोज १० गते प्रकाशित सूचना वमोजिम जाजरकोटको रामिडाँडा केन्द्रविन्दु भई गएको भूकम्पबाट क्षतिग्रस्त भएका तपशिल वमोजिमका सामुदायिक विद्यालयहरुलाई देहाय वमोजिम प्राथमिकिकरण निर्धारण गरी पुननिर्माणका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**देहाय**

१.श्री गायत्री प्राथमिक विद्यालय वडा नं. ५ ढोरचौर सल्यान ।

२.श्री जयबुद्ध प्राथमिक विद्यालय वडा नं. ६ सल्यान ।

३.श्री शिव सरस्वती आधारभुत विद्यालय वडा नं. ५ सल्यान ।

निर्णय नं. २ - प्रस्ताव नं. २ माथि छलफल गर्दा, विविध विषय अन्तर्गत तपशिल वमोजिमको निर्णय गरियो ।

**तपशिल**

१.त्रिवेणी गाउँपालिकाका विभिन्न सडक मर्मतको लागि विनियोजित बजेट अन्तर्गत देहाय वमोजिम वडागत सडक मर्मतको लागि रकमको व्यवस्था गर्ने ।

- वडा नं.१ - रु ७ लाख
- वडा नं.२ - रु ५ लाख ५० हजार
- वडा नं.३ - रु ६ लाख ५० हजार
- वडा नं.४ - रु ४ लाख
- वडा नं.५ - रु ४ लाख
- वडा नं.६ - रु ३ लाख

२.विपद व्यवस्थापन अन्तर्गत वडा नं. ६ स्थायी घर भएका शिव प्रसाद के सी को अविरल वर्षादका कारण आएको बाढीले धान खेत क्षति पुर्याएको हुँदा राहत रकम रु ८ हजार उपलब्ध गराउने ।

३.वडा नं. ३ कटमेरा बस्ने लाल बहादुर बुढाको घरमा चट्याङ पर्न गई दुई जना बालबालिका घाइते भएको र घरको वाइरिङ सहित मिटर जलेर नष्ट भएको हुँदा जगत बुढामगर र नोसिना बुढामगरको उपचारको लागि निजको संरक्षक आमा गिता बुढामगरलाई रु १० हजार तथा लाल बहादुर बुढाको घरको वाइरिङ तथा मिटर जडानको लागि रु १० हजार विपद व्यवस्थापन कोषबाट राहत प्रदान गर्ने ।

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

घ) विद्यालयको तलब भत्ता तथा अन्य भुक्तानी माग गर्दा वडा कार्यालयको सिफारिस अनिवार्य रुपमा माग गर्ने।

ङ) त्रिवेणी गाउँपालिका वडा नं. ५ मा बस्ने श्री डिल्लीराम रेउलेको बुहारी हरि रेउलेको श्रीमति निर्मला बुढाथोकीको मिति २०८०/०२/१३ गतेका दिन रुखबाट लडेर स्पाइरल इन्जुरी भई दैनिक काम काज गर्न असहज भई आर्थिक सहयोगको लागि सिफारिस भई आएको हुँदा रु. ७००० आर्थिक सहयोग उपलब्ध गराउने ।

च) त्रिवेणी गाउँपालिकाका विभिन्न सडकहरु तिहार भन्दा अगाडी यथाशिघ्र मर्मत गरिसक्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।साथै ठेक्का प्रक्रियाबाट सडक मर्मत गराउदा तिहार अगाडी मर्मत गरि नसक्ने र वर्ष भरी मर्मत गर्न समय लाउदा यातायात सेवा बन्द भई एम्बुलेन्स सेवा लगायतका नागरिकका दैनिक जिवनका विभिन्न सेवाहरु प्राप्त गर्न कठिन हुने हुँदा तिनवटा फर्म सँग दरभाउ मागी सोझै खरिद विधिबाट सडक मर्मत सम्बन्धी काम गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।